गंगादेव गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

आन्तरिक लेखापरिक्षण शाखा

सानडाँडा रोल्पा

२०७३

लुम्बिनी प्रदेश नेपाल

पत्रसंख्या:२०७९/०८०

च.नं. १९२

मिति:२०७९/०४/३०

**विषय: आन्तरिक लेखापरिक्षण प्रतिवेदन।**

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू,
गंगादेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रोल्पा।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७८/७९। को विनियोजन/राजस्व/ धरौटी/ अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७८/४/३० मा छलफल पश्चात् तयार गरिएको पाना २० (बीस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा लुम्बिनी प्रदेश, आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ३५(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तदायी अधिकृत /कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

**बोधार्थ तथा कार्यार्थ:**

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौ । :- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
प्रदेश लेखा इकाई, रोल्पा । :-प्रतिवेदन संलग्न छ ।

उदय प्रकाश वली
आ.ले.प.

उदय प्रकाश वली
आन्तरिक लेखापरिक्षक

## आर्थिक कारोबारको स्थिती

| कार्यालय र स्थानःगंगादेव गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, रोल्पा | नाम | कार्यरत अवधि | | बेरुजु रकम |
|---|---|---|---|---|
| आर्थिक वर्षः २०७८।७९ | | देखि | सम्म | |
| कार्यालय प्रमुख | शालिकराम बस्नेत | २०७८/०४/०१ | हाल सम्म कार्यरत | |
| | | | | |
| लेखा प्रमुख | भरत बस्नेत | २०७८/०४/०१ | २०७८/०९/०५ | |
| | प्रेम खत्री | २०७८/०९/२७ | हाल सम्म कार्यरत | |

## आन्तरिक लेखापरीक्षणको प्रतिवेदन

स्थानीय सञ्चितकोष :- आर्थिक बर्ष २०७८/७९ को सञ्चितकोषको आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| सि.नं | आयतर्फ | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ३९९३८९९.८८ | चालु खर्च | ३५०५६३१४८.०० | ३५०५६३१४८.०० |
| | क) नगद | ० | ० | पूँजीगत खर्च | १३५६३२००५.०० | १३५६३२००५.०० |
| | ख) बैंक | ३९९३८९९.८८ | ० | वित्तिय व्यवस्था भुक्तानी | | ०.०० |
| २ | राजस्व ( आन्तरिक आय) | | ७७०८६३४८.४५ | क) ऋण भुक्तानी | ०.०० | |
| | क) आन्तरिक राजस्व | ४०५३४२३.६५ | ० | ख) ब्याज भुक्तानी | ०.०० | |
| | ख) राजस्व बाँडफाँड | ७३०३२९२४.८ | ० | ग) अन्य भुक्तानी | ०.०० | |
| | ग) अन्य आय | ०.०० | ०.०० | लगानी | | ०.०० |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ३८०३२७०००.०० | ऋण लगानी | ०.०० | |
| | क) वित्तिय समानीकरण अनुदान | ८९३०००००.०० | ०.०० | शेयर लगानी | ०.०० | |
| | ख) सशर्त अनुदान | २३५७२७०००.०० | ०.०० | अन्य लगानी | ०.०० | |
| | ग) समपूरक अनुदान | ३७४०००००.०० | ०.०० | धरौटी फिर्ता | १३५०५२०.०० | १३५०५२०.०० |
| | घ) विशेष अनुदान | १७९०००००.०० | ०.०० | जनश्रमदान फिर्ता | ०.०० | ०.०० |



उदय प्रकाश वली
आन्तरिक लेखापरिक्षक

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ३५६९६०००.०० | को.ले.नि.का. फिर्ता | ७१२०९८९२.०० | ७१२०९८९२.०० |
| | क) वित्तिय समानीकरण अनुदान | ४१५२०००.०० | ०.०० | मौज्दात | | २१७२७०७५.३३ |
| | ख) सशर्त अनुदान | ८५४४०००.०० | ०.०० | क) बैंक मौज्दात | २१७२७०७५.३३ | |
| | ग) समपुरक अनुदान | १५००००००.०० | ०.०० | ख) नगद मौज्दात | ०.०० | |
| | घ) विशेष अनुदान | ८००००००.०० | ०.०० | शसर्त अनुदान फिर्ता | | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | ०.०० | ०.०० | गत बर्षको बढी अल्या | ०.०० | ०.०० |
| ६ | अन्य | | ३३६७००.०० | जनश्रमदान मौज्दात | ०.०० | ०.०० |
| | क) क्षेत्रीय शहरी विकास योजना | ०.०० | ०.०० | धरौट मौज्दात | ६३४२७२.०० | ६३४२७२.०० |
| | ख) सडक बोर्ड नेपाल | ०.०० | ०.०० | कोष खाताको मौज्दात | १६२२७९.४० | १६२२७९.४० |
| | ग) पर्यटन बोर्ड नेपाल | ०.०० | ०.०० | | ०.०० | ०.०० |
| | घ) पि.एल.जि.एस.पि. | ३३६७००.०० | ०.०० | | ०.०० | ०.०० |
| ७ | विभिन्न कोषतर्फको आय | | ४१८८५४.४० | | ०.०० | ०.०० |
| | क) प्रकोप व्यवस्थापन कोष गत अल्या | ३१८८५४.४० | ०.०० | | ०.०० | ०.०० |
| | ख) प्रकोप व्यवस्थापन कोष यस आ.व.को आय | ०.०० | ०.०० | | ०.०० | ०.०० |
| | क) स्थानीय लैङगीक कोष गत अल्या | १०००००.०० | ०.०० | | ०.०० | ०.०० |
| ८ | जनसहभागिता (नगद) | ०.०० | ०.०० | | ०.०० | ०.०० |
| ९ | विषयगत निकायबाट प्राप्त | | ८१४३५५९७.०० | | ०.०० | ०.०० |
| | क) सामाजिक सुरक्षा तथा | ८१४३५५९७.०० | | | ०.०० | ०.०० |

उदय प्रकाश वली
आन्तरिक लेखापरिक्षक

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | संरक्षण कार्यक्रम | | | | | |
| | ख) स्थानिय पूर्वाधार साझेदारी कार्यक्रम | ०.०० | | | ०.०० | ०.०० |
| १० | धरौटी आय | | १९८४७९२.०० | | ०.०० | ०.०० |
| | क) गत आ.व.को अल्या | १३३०७१६.०० | ०.०० | | ०.०० | ०.०० |
| | ख) यस आ.व.को प्राप्त | ६५४०७६.०० | ०.०० | | ०.०० | ०.०० |
| ११ | लगानीको साँवा फिर्ता | ०.०० | ०.०० | | ०.०० | ०.०० |
| १२ | अन्य विविध आय | ०.०० | ०.०० | | ०.०० | ०.०० |
| | जम्मा | ५८१२७९१९१.७३ | ५८१२७९१९१.७३ | | ५८१२७९१९१.७३ | ५८१२७९१९१.७३ |

ब.उ.सि.नं. :- विभिन्न गंगादेव गाउँपालिका आर्थिक बर्ष: २०७८/७९

| सि.नं | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम रु |
|---|---|---|
| | कार्यालयको आ.व. २०७८/०७९ को प्रस्तुत आर्थिक विवरण र सो सगँ सम्बन्धित आर्थिक कारोबारोको कार्यालयले पेश गरेको श्रेस्ताको विस्तृत लेखापरीक्षण योजना एंवम् कार्यक्रम व्यस्थापन प्रतिनिधित्वपत्रका आधारमा लेखापरिक्षण गरीएको छ । लेखापरीक्षण गर्दा जटील प्राविधिक विषय सिमित समय कमजोर अभिलेख एंवम सुचनाको अपर्यासताको सिमा भित्र रही लेखापरीक्षण सम्पन्न गरी देखीएका व्यहोरा उपर कार्यालयका सम्बद्ध पदाधिकारीहरुसगँ मिती २०७९/०४/३० मा छलफल पश्चात कायम भएका व्यहोराहरु निम्नानुसार छन् । | |
| | **वित्तिय विवरणबाट देखिएका व्यहोरा** | |
| १. | **आय विवरण –** कार्यालयको आय-व्यय विवरण तयार गर्दा नेपाल सार्वजनिक लेखामान प्रणाली बमोजिम आय-व्यय विवरणका साथसाथै लेखा नीति तथा टिप्पणी, प्रमुख लेखा नीति र वित्तिय विवरणहरु तयार तथा स्वीकृती गरी तोकिएको ढाँचामा लेखापरीक्षणमा पेश भएन। त्यस्तै स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । कार्यालयको आय व्यय सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्; | |
| १.१. | सञ्चित कोष र अन्य खर्च शिर्षकहरुको बैङ्क नगदी किताब कार्यालय प्रमुख तथा लेखा प्रमुखबाट प्रमाणित | |

उदय प्रकाश वली
आन्तरिक लेखापरिक्षक

| ब.उ.सि.नं.:- विभिन्न गंगादेव गाउँपालिका आर्थिक बर्ष: २०७८/७९ | | |
|---|---|---|
| | गर्ने गरेको छैन। | |
| १.२. | | |
| १.३. | | |
| १.४. | सञ्चित कोषको बैंक नगदी किताव तयार गरेपनि भौचर उठाई आम्दानी खर्चको लेखाँकन गरेको छैन।श्रोतगत आम्दानी तथा खर्च खातामा रकम ट्रान्सफर गर्दा गोश्वार भौचर उठाई कार्यालय प्रमुखबाट आम्दानी खर्च कारोवारको स्वीकृत गराएर मात्र खर्च गर्नु पर्नेमा नगरेकोले भौचर उठाई भौचर र कारोवारलाई पुष्टि गर्ने कागजात समेतको फाईल तयार गर्नु पर्दछ । | |
| १.५. | **सञ्चित कोषको चौमासिक विवरण-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चितकोषमा भएको आय व्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थमन्त्रालय, प्रदेश अर्थमन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने व्यवस्था रहेको छ।कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन।तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानूनबमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ। | |
| १.६. | **आन्तरिक नियन्त्रण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ७८ वमोजिम स्थानीयतहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षता पूर्णढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कायालयले आन्तरिक नियन्त्रण कार्यविधि तयार नगरेको कारण आन्तरिक नियन्त्रण प्रणालीको अवस्था कमजोर रहेको देखिन्छ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्;<br>क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन,<br>ख) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>ग) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । | |

उदय प्रकाश वली
आन्तरिक लेखापरिक्षक

| | | |
|---|---|---|
| | घ) | **आर्थिक विवरण –** आर्थिक वर्ष समाप्त भएको ३५ दिन भित्र आर्थिक विवरण तयार गर्नु पर्नेमा लेखापरीक्षणको अवधि (२०७९ श्रावन ३०) मा आर्थिक विवरण तयार गरी पेश गरेको छ । साथै आर्थिक कारोवारको अनुसुची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको छैन। |
| | ङ) | पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। |
| | च) | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र बार्षिक खरिदयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन, |
| | छ) | लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार कार्यालयले जिन्सी सामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरी वडा कार्यालय, विद्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गर्नुपर्नेमा गरेको छैन, |
| | ज) | लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४८(१) अनुसार खरिद भएका जिन्सी मालसामानको विवरण र मूल्य खुलाई जिन्सी कितावमा सातदिन भित्र आम्दानी बाँधी स्रेस्ता अद्यावधिक राखुपर्नेमा अधिकांश खरिद भएका जिन्सी मालसामानहरुको स्पेशिफिकेशन नखुलाई जिन्सी दाखिला गर्ने गरेको, |
| | झ) | खरिद भएका कतिपय सामानहरूको दाखिला प्रतिवेदन फाराममा दाखिला नं. राख्ने नगरेको, एकै प्रकारको जिन्सी सामान फरक फरक जिन्सी कितावमा दाखिला गरेको, |
| | ञ) | वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । |
| | ट) | जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन, जिन्सी निरीक्षण प्रतिवेदनले औल्याएका व्यवस्थाहरुको पुर्ण रुपमा कार्यान्वयन नभएको, |
| | ठ) | जिन्सी कितावमा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेमा नगरेको, |
| | ड) | कार्यालयले ग्याविन वर्कको कार्य गर्दा ग्याविनको स्पेशिफिकेशन खुलाएको छैन। सो कार्यमा हेभिकोटेट ग्याविन प्रयोग भएको भने पनि हेभिकोटेट वा कमर्शियल कोटेट ग्याविन सम्बन्धमा एकिन गर्न सकिएन, |
| | ढ) | मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको |

उदय प्रकाश वली
आन्तरिक लेखापरिक्षक

| ब.उ.सि.नं. :- विभिन्न गंगादेव गाउँपालिका आर्थिक बर्ष: २०७८/७९ | | | |
|---|---|---|---|
| | | जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन। | |
| | ण) | कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन, | |
| | त) | स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । | |
| | थ) | ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन, | |
| | द) | दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन। | |
| | ध) | स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन। | |
| | न) | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यसबर्ष कार्यसम्पन्न भएका विभिन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन, | |
| | प) | संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार कार्यालयबाट सञ्चालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाईएन, | |
| | फ) | वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन, | |
| | ब) | योजना तथा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । | |
| | भ) | सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकार वाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्ने मा अधिकांश योजनामा गरेको पाईएन। | |
| | म) | विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रमहरु बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित रहेको पाईयो, | |

उदय प्रकाश वली
आन्तरिक लेखापरीक्षक

गंगादेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सानडाँडा रोल्पा
लुम्बिनी प्रदेश नेपाल
२०७३

| ब.उ.सि.नं. :- विभिन्न गंगादेव गाउँपालिका आर्थिक बर्ष: २०७८/७९ | | |
|---|---|---|
| | य) सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा १४ र १९ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्नेमा गरेको छैन,<br><br>र) **कार्य विवरण** – निजामती सेवा ऐन, २०४९ को दफा ५क अनुसार कार्यविवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनु पर्नेमा दिएको देखिएन,<br>ल) **अभिलेख** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ङ) अनुसार कार्यालयले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन,<br>व) कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बिलर कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेखन भएको,<br>श) निर्माण कार्यको कार्य सम्पन्न प्रविदेन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राखुपर्नेमा योजनाहरुको नापी लुजपेपरमा भर्ने गरेको पाइयो।<br>अतःयोजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरेको देखिएन,<br>ष) राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने नगरेको तथा राजश्वको शीर्षक गत आर्थिक विवरण तयार गरेको छैन,<br>ह) निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलबि प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेखुपर्नेमा तलवि प्रतिवेदन पारित गरेको छैन,<br>क्ष) कार्यालयले सवारी लगबुक नराखी इन्धन खर्च लेखेको छ,<br>त्र) वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन।<br>कार्यालयले प्रचलित ऐन, नियम र कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्नाको साथै ऐन, नियमको अधिनमा रही कार्यालको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण कार्यबिधि तयार गरी प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु क्रमश सुधार गर्दै जानु पर्दछ।यस सम्बन्धमा कार्यविधि बनाई क्रमश सुधार गर्ने कार्यालयको भनाई रहेको छ। | |
| १.७. | **बजेट तथा कार्यक्रम तर्फ** | |

| ब.उ.सि.नं. :- विभिन्न गंगादेव गाउँपालिका आर्थिक बर्ष: २०७८/७९ | | |
|---|---|---|
| १.८. | **राजश्व परामर्श** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५(२) मा राजश्वपरामर्श समितिले राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन परिमार्जन सम्बन्धमा आवश्यक परामर्श दिने, स्रोत दायरा र दर समेतको विश्लेषण गरी आर्थिक वर्षमा प्राप्त हुनसक्ने राजश्वको अनुमानगर्ने, राजश्व प्रशासन सुधारको लागि आवश्यक परामर्श दिने लगायतको कार्य गर्नुपर्ने व्यवस्था गरेको छ। राजश्व परामर्श समितिले बैठक बसी राजश्वको दर,क्षेत्र तथा अनुमानित राजश्व आय सम्बन्धी निर्णय र अभिलेख लेखापरीक्षणको क्रममा माग गरिएकोमा पेश भएन। | |
| १.९. | **स्रोत अनुमान समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (१) मा स्रोत अनुमान तथा बजेट सिमानिर्धारण समिति रहने र समितिले ऐन बमोजिम आयको प्रक्षेपण गरी बजेटको सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकि करण गर्ने लगायतका कार्य गर्न श्रोत अनुमान तथा बजेट निर्धारण गर्नुपर्ने व्यवस्था छ। कार्यालयले स्रोत अनुमान समित गठन गरेको देखिएन । ऐन बमोजिम समिति गठन गरी श्रोत अनुमान गर्ने, वडामा बजेट सिलिङ पठाउने लगायत ऐनको भावना कार्य गरिनु पर्दछ । | |
| १.१०. | **बजेट तर्जुमा** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ६७ (२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयको प्रक्षेपण,वितरणको खाका तथा कार्यक्रम तर्जुमा गर्दा बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन नदिने लगायतका कार्य गर्नुपर्दछ। कार्यालयले बजेट तर्जुमा गर्न बजेट तर्जुमा समितिको गठन भएको छैन । यसमा सुधार हुनुपर्दछ । | |
| १.११. | **गतवर्षको भुक्तानी** - उपभोक्ता समितिले गाउँपालिकासंग गरेको सम्झौता अवधिभित्र कार्य सम्पन्न गरी सम्झौता अनुसारको रकम समयमै भुक्तानी गर्नु पर्दछ । आर्थिकबर्ष २०७७।७८ मा सम्झौता भई २०७८ असार २५ सम्म सम्पन्न गर्नेगरी सम्झौता भएका योजनाहरु उपभोक्ता समितिले सम्झौता अवधि भित्र सम्पन्न नगरी काम बाँकी भएकोमा आ.ब. २०७७।७८ मा विनियोजन भएको रकम बरावरनै भुक्तानी दिन वाँकी रकम आ.ब. २०७८।७९ मा भुक्तानी दिने कार्यपालिकाको निर्णय अनुसार यसवर्ष योजनाहरुको वास्तविक भुक्तानी दिन बाँकी दायित्वको योजनागत विवरण म.ले.प.फा.नं. २२१ प्रमाणीत गरी भुक्तानी दिन बाँकी योजनाहरुको योजनागत दायित्व यकीन गरी बजेट तर्जुमा गर्दा गत वर्षको दायित्व छुट्टयाई यस वर्षको कार्यक्रम तर्जुमा गर्नुपर्नेमा सो अनुरुप गरेको छैन । | |
| १.१२. | **कार्यपालिका निर्णय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ मा कार्यबिभाजन र सम्पादन सम्बन्धी व्यवस्था अनुसार कार्यपालिकाको कार्यबिभाजन र कार्यसम्पदान सम्बन्धी व्यवस्था सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमाजिम हुने कार्यपालिकाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार सो नियमावलीमा उल्लेख हुनुपर्ने र नियमावलीबाट पदाधिकारीहरुको कार्य बिभाजन वा काम, | |

| ब.उ.सि.नं. :- विभिन्न गंगादेव गाउँपालिका आर्थिक बर्ष: २०७८/७९ | | |
|---|---|---|
| | कर्तव्य र अधिकार नतोकिएसम्म स्थानीय सरकार सञ्चालन ऐन बमोजिम हुने व्यवस्था छ । कार्य बिभाजन र कार्यसम्पादन सम्बन्धी नियमावली बनाई सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको छैन । | |
| १.१३. | **लक्ष्य प्रगति –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाले लक्ष्य प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्रस्तरीय आयोजना मध्ये सबै आयोजनाको उपर्युक्त ऐन बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन। ऐन बमोजिमको ढाँचामा बार्षिक लक्ष्य तथा प्रगति विवरण तयार गर्नुपर्दछ। | |
| १.१४. | **कर्मचारी करार-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करार बाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३ (८) वमोजिम पालिकाले नगरप्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। कार्यालयले सोही ऐनको पालना नगरी पालिकाले विभिन्न पदमा करारमा कर्मचारी राखी रु.१,८३,०२,६९४।– खर्च तलब लेखेकोछ। | |
| २. | **कानुन निर्माण एवं कार्यान्वयन** | |
| | **कानून र सञ्चालन स्थिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १०२ अनुसार स्थानीय तह हरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रहीनियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा हाल सम्म पालिकाले बनाएका ऐन, नियमावली तथा कार्यविधि कानुनहरू माग भएकोमा विवरण पेश भएन। स्थानीय निकायको लागि आवश्यक कानुनहरु निर्माण गरी राजपत्रमा प्रकाशन गरेर मात्र कानुन कार्यान्वयनमा ल्याउनु पर्दछ। | |
| ३. | **खाना तथा विविध खर्च–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष खाना तथा विविध तर्फ मात्ररु.१८,११,००१।-खर्चगरेकोछ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

| ब.उ.सि.नं. :- विभिन्न गंगादेव गाउँपालिका आर्थिक बर्ष: २०७८/७९ | | |
|---|---|---|
| ४. | **अनुदानकोअनुगमन**– सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भएन भएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नु पर्दछ। पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा विभिन्न विद्यालय तथा सहकारी संस्थाहरुलाई बीउ पूँजी तथा अनुदान खर्च लेखेको छ। कार्यालयबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धीमापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीयतहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुनेगरी अनुदान ग्राहीको जीबनस्तरमा सुधार आएको यकिन हुने गरी अनुदान वितरण गर्ने ध्यान दिनु पर्दछ। | |
| ५. | कार्यालयले प्राविधिक ज्ञानसिप र क्षमता आवश्यक भएका र जटिल प्रकृतिका हेभि उपकरणहरु आवश्यक पर्ने विकास निर्माणका कार्यहरु ठेक्का मार्फत गर्नुपर्नेमा यस बर्ष कुनै पनि विकास निर्माणका कार्यहरु ठेक्का मार्फत गरेको छैन। | |
| ६. | **कन्टिन्जेन्सी खर्च अभिलेख** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमान बढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ। कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गरेको देखिएता पनि कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी नराखेकोले कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन । नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रणगरिनु पर्दछ। | |
| ७. | **खरिद कारवाही अभिलेख** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसारसार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नुपर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सो सँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिद सँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेको लेलेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावली ले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नु पर्ने देखिन्छ। | |
| ८. | **सोझै खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली,२०६४को नियम८५(१)अनुसार रु.५लाख | |

गंगादेव गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लालडाँडा रोल्पा लुम्बिनी प्रदेश नेपाल २०७३

उदय प्रकाश वली आन्तरिक लेखापरीक्षक

| | | |
|---|---|---|
| | रुपैया सम्म लागत अनुमान भएकोमा सामान,नियम८५(१ख) अनुसार सार्वजनिक निकाय ले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढि सोझै खरिद गर्न नसकिने व्यवस्था छ। | |
| ९. | **उपभोक्ता समितिको कार्य –** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर,मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ। | |
| १०. | **उपभोक्ता समिति दर्ता–** सार्वजनिकखरिदनियमावली, २०६४कोनियम९७मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गरेकोमा गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन। त्यस्ता समितिहरु स्थानीयस्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्यसम्पन्न पश्चात समिति विघटन हुने हुँदा निर्माण कार्यसम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भार मा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ। | |
| ११. | लागत अनुमान तयार गर्दा र सम्झौता गर्दा उपभोक्ता समितिले व्यहोर्ने अंश १०प्रतिशतको हाराहारीमा रहेकोमा कुनै पनि योजनामा उपभोक्ता समितिले श्रमदान गरेको देखिएन। श्रमदान नगरेको अवस्थामा नगद सहभागिता पनि भएको छैन। उपभोक्ता समितिले जिम्मा लिएको अधिकाशं सडकको निर्माण सम्बन्धी काम निर्माण व्यवसायीवाट गराएको र मूल्याँकन अनुसार भुक्तानी हुने रकमको हाराहारीमा निर्माण व्यवसायीको विल राखी भुक्तानी खर्च लेखेको छ। कार्यालयसंग उपभोक्ता समितिले सम्झौतागरी जिम्मा लिएको काम आफैले नगरी निर्माण व्यवसायी मार्फत गराउने कार्यको अन्त्यहुनुका साथै उपभोक्ताको श्रम वा लागत सहभागीता देखिने गरी कार्य हुनुपर्दछ। | |
| १२. | **उपभोक्ता समिति मार्फतखरिद–** सार्वजनिक खरिद नियमावली, २०६४मा उपभोक्ता समिति मार्फत खरिद गराउने व्यवस्था छैन। कार्यालयले गणेश आ.वि मा आइ.सि.टि निर्माण कार्यको लागि आवश्यक ल्यापटप, प्रोजेक्टर, कम्प्यूटर अन्य कार्यालय व्यवस्थापन जस्ता सामाग्री उपभोक्ता समितिमार्फतखरिदगरीरु.६,८२,०३५। भुक्तानीदिएकोनियमसम्मतनदेखिएको<br>सार्वजनिक खरिद नियमावली २०६४ को परिच्छेद २ को नियम ९ अनुसार लागत ईष्टमेट तयार गरी सोही लागत ईष्टमेट अनुसारको दर रेट र गुणस्तरको मालसमान खरिद गर्नु पर्नेमा सो लागत ईष्टमेटको पालना नगरी मनोमानी दरमा श्री भगवती आधारभुत विद्यालयले कार्यालय व्यवस्थापनको लागी सामाग्री | ७३,५७९/- |

| ब.उ.सि.नं. :- विभिन्न गंगादेव गाउँपालिका आर्थिक बर्ष: २०७८/७९ | | |
|---|---|---|
| | लागत ईष्टमेट भन्दा वढी दरमा खरीद गरेको विल भरपाई पेश गरी गो भौ न ४७ मिती २०७८/०८/१४ मा भुक्तानी लिएको पाईयो उक्त श्री भगवती आधारभुत विद्यालय कार्यालय व्यवस्थापन उ स ले लागत ईष्टमेट भन्दा बढी विल भरपाई पेश गरी लिईएको रकम असुल उपर गरी संञ्चित कोषमा दाखिला गर्नुपर्ने रु ७३५८९/- | |
| १३. | **करार कर्मचारीको तलब वृद्धी गरीएको** नेपाल सरकारको आ व २०७८\०७९ को बजेट भाषण तथा नयाँ तलवमान मा नेपाल सरकार बाट तलब भत्ता खाने कर्मचारी लाई साविक तलवमान मा मासिक २००० वृद्धी गरेकोमा यस पालिकाको स्वास्थ्य शाखामा कार्यरत विभिन्न स्वास्थ्य कर्मीहरुको तलब वृद्धी गर्दा कार्यपालिकामा निर्णय गरी अर्थमन्त्रालयको पुर्व स्वाकृती लिएर मात्र तलव वृद्धी गर्नु पर्नेमा नेपाल सरकारले वृद्धी गरे भन्दा साविक तलवमान मा वढी रकम वृद्धी गरी कार्यालयलाई आर्थिक व्ययभार वढने गरी लेखीएको खर्च रकम नियम संगत देखिएन । | |
| १४. | **शिक्षातर्फ** | |
| १५. | कार्यालयले विद्यालयमा निकासा हुने रकमको स्पष्ट विवरण खुल्ने गरी विद्यालयगत निकासा रजिष्ट्ररराखुपर्नेमा राखेको छैन। विद्यालयहरुको लागि वास्तविक रुपमा निकासा हुनुपर्ने रकम र भुक्तानीको यथार्थ विवरण खुल्ने गरी विवरण अद्यावधिक गर्नुपर्दघ। | |
| | स्थानीय तहले निजी विद्यालयहरुको अनुगमन गरी निर्देशिकाले तोके अनुसार अध्ययन शुल्क निर्धारण गर्नुपर्नेमा अनुगमन गरी सो अनुसारको कार्य गरेको छैन। | |
| १६. | **शिक्षक दरवन्दी–** शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुदाँ नं.३ क बमोजिम शिक्षा नियमावली, २०५९ अनुसार कायम भएको शिक्षक विद्यार्थी अनुपात र नियमावलीको अनुसुची-१२ बमोजिम विद्यालयमा रहनुपर्ने दरबन्दी तथा शिक्षक विद्यार्थी अनुपातको आधारमा स्थानीय तहमा शिक्षकको मौजुदा अवस्था र आवश्यकताको पहिचान गरी शिक्षक दरबन्दी मिलान गर्ने र कार्यविधीको बुदाँ नं. १२ अनुसार मन्त्रालय तथा प्रदेशले गरेको दरबन्दी मिलानमा स्थानीय तहले सहजिकरण गर्ने उल्लेख छ । गाउँपालिकाले आफु मातहत रहेका मौजुदा विद्यालयहरुमा आवश्यक दरबन्दी पुनरावलोकन सम्बन्धमा कुनै पहल गरेको छैन। पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा तोकिएको मापदण्ड अनुरुप शिक्षक पदपुर्ति गराई नियमित पठन पाठन गराउनुपर्दछ। | |
| १७. | खरिद गरेका औषधि कुन कम्पनीबाट उत्पादन भएको हो र सो को मूल्य राष्ट्रियपत्रपत्रिका मा प्रकाशन | |

गंगादेव गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सानडाँडा रोल्पा लुम्बिनी प्रदेश नेपाल २०७२

उदय प्रकाश बली आन्तरिक लेखापरिक्षक

| ब.उ.सि.नं. :- विभिन्न गंगादेव गाउँपालिका आर्थिक बर्ष: २०७८/७९ | | |
|---|---|---|
| | समेत भएको नदेखिएकाले सो को विवरण समेत खुल्ने खालको औषधी कम्पनीबाट औषधी खरिद गर्ने कार्य तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।<br>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |
| १८. | औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेकोले औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख नराखेको,तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन नगरी हस्तान्तरण गरेको छ ।औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ ध्यानदिनुपर्दछ। | |
| १९. | **लागत ईष्टमेट बिना परामर्श सेवा खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को परिच्छेद २ को नियम १२ को उपनियम २ अनुसार कार्यालयले खरिद गरिने परामर्श सेवाको लागत अनुमान तयार गर्दा नम्स अनुसार लागत ईष्टमेट तयार गरी सेवा खरिद गर्नुपर्ने व्यवस्था रहेको मा कार्यालयले परिवर्तन र दिगो विकासका लागी युवा नामक गैर सरकारी संस्था सगँ मेलमिलाप सम्बन्धि तालिम संञ्चालनको लागी कार्य सम्झौता गरी कार्य सम्पन्न प्रतिवेदनमा पेश भएका विभिन्न शिर्षकका आधारमा भुक्तानी गरीएको रु ४९१३९०/- नियम संगत नदेखीएको रु | |
| | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यक्रममा गाउँपालिकाको ५० प्रतिशत अनुदान र कृषकको ५० प्रतिशत अनुदान रहने गरी (पकेट) विकास कार्यक्रम कृषक समुह संग सम्झौता गरेको छ। उक्त समुहहरु सगँ कार्य सञ्चालनको लागी कार्यालयले स्वीकृत जिल्ला दररेट वा जिल्ला दररेट निर्धारण नभएको अवस्थामा सम्बन्धित कृषी फर्महरु सगँ दररेट माग गरी लागत ईष्टमेट तयार गरेर मात्र कार्य गर्नको लागी सम्बन्धित समुह सगँ कार्यसञ्चालनको लागी सम्झौता गर्नुपर्नेमा सो नगरी समुहकै आर्थिक प्रस्थापनाका आधारमा कार्य गर्ने गरी निर्धारण भएको दररेट अनुसार कार्य सम्पन्न आयोजनाहरुको कार्य नियम संगत नदेखिएको । | |
| २०. | **सुरक्षित नागरिक आवास** - सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को बुँदा नं | |

| ब.उ.सि.नं.:- विभिन्न गंगादेव गाउँपालिका आर्थिक बर्ष: २०७८/७९ | | |
|---|---|---|
| | ७ अनुसार स्थानीय तहको प्राविधिकबाट अनुसुची-३ बमोजिमको प्रतिवेदन साथ पेश भई स्थानीय तहले प्रमाणित गरेपश्चात कार्य सम्पन्न भएको मानिने उल्लेख छ। गो.भौ.नं. ३९-२०७९।३।२४ कार्यालयले प्राविधिकको लागत ईष्टमेटका आधारमा मात्र विल विजक र नापी तथा कार्यसम्पन्न प्रतिवेदन जारी नगरेर २२४ जनालाई पहिलो किस्ता बापत रु.१८७३५।– को दरले रु.४१,१६,०००। भुक्तानी गरेको छ। कार्यविधिको पालना गरी भुक्तानी दिने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। | |
| २१. | **लैङ्गिक हिंसा निवारण कोष**– शशर्त शिर्षकमा आएको अनुदान रकम अन्य कोषमा ट्रान्सफर गर्न मिल्दैन। कार्यालयले गो.भौ.नं.१९३-२०७८।३।२६ संघिय सरकार हस्तान्तरित चालु शशर्त शिर्षकबाट लैङ्गिक हिंसा निवारणकोषमा रु.१,००,०००।ट्रान्सफर गरेको छ।उक्त कोषको संचालन सम्बन्धमा गाउँपालिकाबाट कुनै ऐन कानूनको व्यवस्था नगरेको शशर्त अनुदानबाट लैङ्गिक हिंसानिवारण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम संघिय सञ्चितकोषमा दाखिला हुनु पर्ने भनी म ले प को आ व २०७७/०७८ को प्रतिवेदन मा उल्लेख भएको मा सो हाल सम्म पनी दाखिला नभएकाले दाखिला गर्नु पर्ने रु | १,००,००० -/ |
| २२. | **सार्वजनिक सुनुवाई** -गाउँपालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्रास गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । गाउँपालिकाकोकुनै पनि वडा समितिले नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन । गाँउपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ । | |
| | | |
| २३. | **अतिरिक्त सुविधा** —आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम १३४ अनुसार कार्यालयले स्वीकृत विनियोजित बजेट बाहेक थय आर्थिक दायित्व सिर्जना हुने गरी निर्णय गर्दा वा गराउँदा वा त्यस्तो कुनै गर्नु पर्दा अर्थ मन्त्रालयको पुर्व सहमती लिनु पर्ने हुन्छ पालिकाले सो कानुनको पालना नगरि कार्यपालिकाको मिति २०७७/६/२२ गतेको निर्णय अनुसार प्र प्र अ लाई मासिक १०००० का दरले श्रावन १ गते देखि लागु हुने गरी प्राविधिक कर्मचारीलाई तलबस्केलको ४० प्रतिशत फिल्ड भत्ता सुविधा निम्न अनुसार दिइएको छ। नियामावली वमोजिम कार्यालयले स्वीकृत विनियोजित | |

बजेट बाहेक थप आर्थिक दायित्व हुने गरी निर्णय गर्दा वा गराउदा वा त्यस्तो कुनै कार्य गर्नुपर्दा अर्थ मन्त्रालयको पुर्व सहमति लिनुपर्नेमा नलिई खर्च लेखेकोले बढी व्ययभार परेकोरु

| खर्च प्रयोजन | अवधि | रकम | कैफियत |
|---|---|---|---|
| नि.प्र.प्र.अधिकृतलाई अतिरिक्त सुविधा | १२ महिना | १,२०,०००/- | कार्यपालिकाको मिति २०७७/६/२२ निर्णय अनुसार २०७७ श्रावण १ गतेदेखि लागु भई हाल सम्म कार्यन्वयन मा रहेको |
| फिल्ड भत्ता ११जना कर्मचारी | ६ महिना | ७,५८,७२८/- | फिल्ड प्रतिवेदनका आधारमा भुक्तानी गरीएको पाईयो । |
| जम्मा | | ८,७८,७२८/- | |

**कार्यालय सगँ सम्झौता वेगर भुक्तानी** सार्वजनिक खरिद ऐन २०६३ को परिच्छेद ७ को दफा ५२ को उपदफा १ र २ सार्वजनिक निकायले खरिद कारबाही वा निर्णय गर्दा सेवा प्रदायक कम्पनि वा सप्लार्यस सगँ खरिदका विभिन्न शर्तहरु राखी सेवा लिनु पर्ने कानुनी व्यवस्था भएता पनी कार्यालयले विभिन्न सेवा प्रदायहरु सगँ सम्झौता नै नगरी भुक्तानी दिईएको रकम नियम संगत देखिएन । ३,०५,१५४ -\

| गो भौ नं \मिती | भुक्तानी लिने संस्था\व्यक्ती | भुक्तानी भएको रकम | कैफियत |
|---|---|---|---|
| २३२\२०७८\१२\२० | वल्ड लिङ कम्युनिकेशन प्रा ली | ४१,९६४\- | कार्यालयलाई ईन्टरनेट प्रदान वाफतको शुल्क |
| ४५२\२०७९\०३\२२ | टोप बहादुर वली | २,६३,१९०\- | कार्यालयलाई ईन्टरनेट प्रदान वाफतको शुल्क |
| | जम्मा | ३,०५,१५४\- | |

२४. **मापदण्ड बिना कृषि अनुदान वितरण** कार्यालयले कृषि पेशामा आवद्ध भई स्वदेशमै रोजगारिका अवसरहरु सिर्जना गर्ने चाहाने ईच्छुक कृषक तथा कृषी फर्महरुलाई आवश्यक प्रकृया शर्तहरु उल्लेख गरी कृषी अनुदान प्रदान गर्ने भएता पनि सो कार्य नगरी गाउँकार्यपालीकाको मिती २०७८ मंसिर २० को निर्णयका आधारमा सोझै बिभिन्न कृषी फर्महरुलाई अनुदान वितरण गरेको रकम नियम संगत नभएको रु २,९१,५९४ /-

| गो भौ नं | कृषी फर्म | भुक्तानी गरीएको रकम | कैफियत |
|---|---|---|---|
| ४५५\ \२०७९\०३\२२ | दिपा कृषि फर्म | ४४३१४ | वंगुर पालन तथा तरकारी खेती वाफतको |
| ४५४\ \२०७९\०३\२२ | धनिराम आरन उद्योग | ५०००० | आरण सञ्चालन वाफत अनुदान |

| ब.उ.सि.नं.:- विभिन्न गंगादेव गाउँपालिका आर्थिक बर्ष: २०७८/७९ | | | | | |
|---|---|---|---|---|---|
| | ४०२\ \२०७९\०३\१५ | गणेश कृषी फर्म | ४७२८० | पानी टयाङ्की निर्माण वाफत | |
| | ४०६\ \२०७९\०३\१६ | डाँगी बाखा फर्म | १५०००० | बाखा पालन व्यवसायको लागी | |
| २५. | भ्रमणखर्च नियमावली, २०६४ अनुसार भ्रमणको स्पष्ट प्रयोजन खुलाउनुपर्ने उल्लेख भएकोमा कतिपय भ्रमण आदेशहरुमा भ्रमणको स्पष्ट प्रयोजन खुलाउने गरेको छैन । | | | | |
| २६. | **करदस्तुरएवंआन्तरिकआय** | | | | |
| | **कर तथा शुल्क असुली** - स्थानीयसरकारसंचालनऐन, २०७४कोदफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर, घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। पालिकाले आफ्नो क्षेत्र भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित गरेको देखिएन। करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | | | | |
| २७. | गाउँपालिकाबाट दैनिक रुपमा उठ्ने राजश्वको रेकर्ड अध्यावधिक गर्न राजश्व शाखा गठन गर्नुपर्नेमा राजश्व शाखा गठन गरेको छैन। | | | | |
| २८. | कार्यालयले आन्तरिक आम्दानीको शिर्षकगत राजश्व असूली अनुमान र यथार्थ असूलिको प्रतिवेदन तयार गरेको छैन। | | | | |
| २९. | आन्तरिक आम्दानीको दैनिक आयव्यय तयार गरी दैनिक रुपमा उठेको राजश्वको रेकर्ड अद्यावधिक गर्नुपर्नेमा गरेको छैन। | | | | |
| ३०. | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (२) अनुसार आप्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्र अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने उल्लेख छ। विभिन्न वडा कार्यालयहरु तथा विषयगत शाखाहरुले जम्मा भएको राजस्व निर्धारित समयमै कार्यालयको आन्तरिक राजस्व खातामा जम्मा गर्नु पर्नेमा नगरेकाले कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ । | | | | |

गंगादेव गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लालडाँडा रोल्पा लुम्बिनी प्रदेश नेपाल २०७३

उदय प्रकाश वली
आन्तरिक लेखापरीक्षक

| ब.उ.सि.नं. :- विभिन्न गंगादेव गाउँपालिका आर्थिक बर्ष: २०७८/७९ | | |
| --- | --- | --- |
| ३१. | **विल विजक वेगर भुक्तानी** सार्वजनिक खरिद ऐन २०६३ को परिच्छेद ७ को दफा ५७ अनुसार सार्वजनिक निकायले खरिद सम्झौताको आधारमा विल वा विजक भुक्तानी गर्नु पर्ने कानुनी व्यवस्था उल्लेख गरेको छ । रोल्पा आ ई टी एफ तेक्वान्दो संघले तेक्वान्दो प्रतियोगिता संचालनको लागी कार्यालय सगँ सम्झौता गर्दा विभिन्न आर्थिक प्रस्तावना सहित लागत ईष्मेट पेश गरेको थियो। गो भौ नं ३६९बाट मिती २०७९\०३\०७ गते खेलमा सहभागी खेलाडीहरुलाई खाना तथा खाजा खर्च वाफतको रकम भुक्तानी गर्दा सम्बन्धित होटलको विल वा विजक राखी खर्च लेख्नु पर्नेमा होटल व्यवसायीबाट खाना तथा खाजा खुवाएको भरपाई गराएर पेश गरी खर्च लेखीएको रकम रु १३५७०० असुल उपर गरी संञ्चित कोषमा दखिला गर्नु पर्ने । | १,३५,७०० /- |
| ३२. | **कार्य योजना**:-विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ। कार्यालयले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन। ऐन तथा नियमावलीको पालना हुनुपर्दछ। | |
| ३३. | **गत बर्षको दायित्व** –आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ बमोजिम नियम १५ मा उल्लेखित खर्च शिर्षकमा चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित | |

| | | |
|---|---|---|
| | आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न विल, भरपाई बमोजिमको रकम आगामी बर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक बर्ष समाप्त भएको सात दिनभित्र आन्तरिक लेखापरीक्षणबाट प्रमाणित गराई राख्नुपर्ने व्यबस्थाछ। प्रमाणित भुक्तानी दिन बाँकीको विवरण बेगर भुक्तानी खर्च लेखेको उचित देखिदैन। | |
| ३४. | **अनुगमन तथा सम्परीक्षण–** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार आर्थिक बर्ष २०७७/७८ सम्मको बेरुजु रु. १९,२२,३१,९८१.४ बाँकी रहेकोमा यस बर्ष रु.२,१४,७,५३४ थप भई रु.२१,३७,०२,५१५।४ पुगेको छ। बाँकी बेरुजु समयमै फछ्र्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |

| गत बर्षसम्मको फछ्यौट गर्न बाँकी रु. | यस बर्ष फछ्यौट रु. | बाँकी बेरुजु रु. | यो बर्षको सं.पबाट कायम बेरुजु रु. | यो बर्षको कायम बेरुजु रु. | बाँकी |
|---|---|---|---|---|---|
| १९,२२,३१,९८१.४ | ० | १९,२२,३१,९८१.४ | ० | २,१४,७,०५३४ | २१,३७,०२,५१५.४ |

उदय प्रकाश दली
आन्तरिक लेखापरीक्षक

गंगादेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय